नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
# जिल्ला समिति बाजुरा

प.सं ०७९/०८०
च.न. ८६

मितिः-२०७९/०६/०४

**श्री प्रमुख तथा अध्यक्ष ज्यू ।**
**नगरपालिका तथा गाउँपालिका कार्यालय सबै**
**बाजुरा ।**

**विषय : निर्देशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग नेपालले प.सं.च.नं २०७९/०८०। रा.द.१४८ मिति २०७९/०५/३० गतेको पत्र मार्फत यस आयोगको कार्य स्थगन गर्न लेखिआएकाले लगत संकलनका लागी मिति २०७९/०४/३१ , २०७९/०५/०१ , २०७९/०५/०२ , र मिति २०७९/०५/२९ को गोरखा पत्र दैनिकमा प्रकाशित लगत संकलन सम्बन्धी कार्यका अतिरिक्त जग्गा नापजाँच , निस्सा वितरण तथा जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण गर्ने कार्य समेत स्थगित गर्न हुन यस आयोगको २०७९/०५/३१ गतेको केन्द्रिय कार्यालयको निर्णय अनुसार सम्पुर्ण कार्यहरु स्थगन गर्न हुन अनुरोध गरिन्छ । साथै वडामा संकलन गरीएका निवेदनहरु अर्को सुचना प्रकाशित नभए सम्मका लागि वडा मै सुरक्षित राख्न हुन अनुरोध छ ।

साथै निर्वाचन आयोगबाट प्राप्त पत्र र राष्ट्रिय भुमि आयोगको प्रकाशित सुचना यसै साथ संलग्न छ ॥

**निमेन्द्र शाही**
**विज्ञ सदस्य**

## नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

## ताहाचल, काठमाडौं

# अत्यन्त जरुरी सूचना !

**प्रकाशित मिति : २०७९/०६/०१**

मिति २०७९।०५।३० मा निर्वाचन आयोग नेपालले यस आयोगलाई जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच, निस्सा वितरण तथा लालपुर्जा वितरण कार्य तत्काल स्थगन गर्न निर्देशन दिएकाले लगत संकलनका लागि मिति २०७९।०४।३१, २०७९।०५।०१, २०७९।०५।०२ र मिति २०७९।०५।२९ को गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा उल्लेखित कामका अतिरिक्त लगत संकलन, जग्गा नापजाँच, जग्गाको निस्सा तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: २०७९/८० अ.ई. १४८

मिति: २०७९/०५/३०

श्री राष्ट्रिय भूमि आयोग,
ताहाचल, काठमाण्डौ।

विषय: निर्देशन सम्वन्धमा।

उपर्युक्त सम्वन्धमा संवत् २०७९ मङ्सिर ४ गते आइतवारका दिन एकै चरणमा हुने गरी तोकिएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यालय स्थापना भई यहि मिति २०७९ आश्विन २ र ३ गते उम्मेदवार मनोनयनको लागि बन्दसूची पेश गर्ने समेतका निर्वाचनका कार्यक्रमहरु सञ्चालन हुने गरी राजपत्रमा सूचना प्रकाशित भइसकेको अवस्थामा सम्वत् २०७९/०५/३० गतेको अनलाईनखबर डटकममा प्रकाशित "भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन २८ जिल्लामा निवेदन आह्वान" भन्ने विषयको समाचार र उक्त समाचारमा उद्दृत राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौको मिति २०७९/०५/२९ को "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्वन्धी पैंतिस (३५) दिने सूचना" साथै राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौको वेबसाइट http://nlc.gov.np मा प्रकाशित मिति २०७९/०५/०२ को "भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई निवेदन दिने सम्वन्धी ३५ (पैंतिस) दिने सूचना" प्रति आयोगको ध्यानाकर्षण भई "प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न नभएसम्मका लागि आफू र आफ्नो मातहतबाट हुने र भईरहेका जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच गर्ने र जग्गाको निस्सा तथा लालपूर्जा वितरण गर्ने लगायतका सम्पूर्ण कार्यहरु तत्काल स्थगित गरी सोको यथार्थ जानकारी २ (दुई) दिनभित्र निर्वाचन आयोग नेपाललाई दिन राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौलाई निर्देशन दिने" निर्णय भएकोले आवश्यक कारवाहीका लागि निर्णयानुसार अनुरोध छ।

२०७९/०५/३०
(मोहन राज जोशी)
कानून अधिकृत

Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580